# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, जेठ १४ गते, २०७६ साल (अतिरिक्ताङ्क १५


## भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. १३

# प्रदेश नं ५, प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति गर्न बनेको ऐन

**<u>प्रस्तावनाः</u>** प्रदेश भित्र बसोबास गर्ने व्यक्तिलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सरकारी, निजी, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरमा स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार, स्तर वृद्धि, स्वास्थ्य सेवा सञ्चालन गर्दा पालन गर्नुपर्ने मापदण्ड तथा स्वास्थ्य सेवा सञ्चालनकालागि अनुमति प्रदान गर्ने प्रकृयालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाई स्वास्थ्य सेवा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५, प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "**प्रदेश नं ५, प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७५**" रहेको छ।

(२) यो ऐन तुरन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:–

(क) **“अनुमति प्रदान गर्ने निकाय”** भन्नाले दफा ३ मा उल्लिखित अनुमति प्रदान गर्ने निकाय सम्झनुपर्छ ।

(ख) **“अस्पताल”** भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापितसरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल वा सहकारी

अस्पताल सम्झनुपर्छ र सो शब्दले शिक्षण अस्पताल समेतलाई जनाउँछ।

(ग) **"आयुर्वेद संस्था"** भन्नाले आयुर्वेद उपचार पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनुपर्छ र सो शब्दले आयुर्वेद तथा वैकल्पिक चिकित्सापद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएको आयुर्वेद अस्पताल, नर्सिङ होम, पोलि क्लिनिक, पञ्चकर्म, योग, जीवनशैली व्यवस्थापन केन्द्र समेतलाई जनाउँछ।

(घ) **"वैकल्पिक चिकित्सा"** भन्नाले प्राकृतिक, होमियोप्याथीक, यूनानी, फिजियोथेरापी, एक्युपन्चर, आम्ची समेतलाई जनाउँछ ।

(ङ) **"गैरसरकारी अस्पताल"** भन्नाले मुनाफा रहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम दर्ता भै अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनुपर्छ।

(च) **"निजी अस्पताल वा नर्सिङ्गहोम"** भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त निजी अस्पताल वा नर्सिङ्गहोम सम्झनुपर्छ ।

(छ) **"पोली क्लिनिक"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै स्थानबाट कम्तीमा पाँच वटा सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजीयोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनुपर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ को स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(झ) **"शिक्षण अस्पताल"** भन्नाले चिकित्सा विज्ञानको विषयमा कम्तीमा पनि स्नातक स्तरको अध्यापन गर्ने उद्देश्य लिई प्रचलित कानून बमोजिम स्थापना भई स्वास्थ्य सम्बन्धी सेवा समेत प्रदान गर्नका लागि अनुमति प्रदान गर्ने निकायवाट अनुमति प्राप्त शिक्षण अस्पताल सम्झनुपर्छ ।

(ञ) **"सरकारी अस्पताल"** भन्नाले प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक हीतका लागि स्थापना भएको वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनुपर्छ ।

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि "आंशिक स्वामित्व" भन्नाले प्रदेश सरकारको कम्तीमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनुपर्छ ।

(ट) **"सहकारी अस्पताल"** भन्नाले सहकारीको सिद्धान्त बमोजिम सदस्य समेतलाई स्वास्थ्य सेवा दिने उद्देश्यले प्रचलित सहकारीसम्बन्धी कानूनबमोजिम दर्ता भै अनुमति प्रदान गर्ने निकायवाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनुपर्छ ।

(ठ) **"सामुदायिक अस्पताल"** भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भई समुदायकै लगानी र व्यवस्थापनमा संचालन हुने गरी मुनाफारहित उद्देश्य लिई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(ड) **"स्वास्थ्य क्लिनिक"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श एकै स्थानबाट पाँच वटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजीयोथेरापी, परिवार नियोजन, खोप सेवा जस्ता सेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ र सो शब्दले निजी क्लिनिक समेतलाई जनाउँदछ ।

(ढ) **"निर्देशनालय"** भन्नाले स्वास्थ्यसम्बन्धी कार्य हेर्ने प्रदेश सरकार अन्तर्गतको निर्देशनालय सम्झनुपर्छ ।

(ण) **"स्वास्थ्य संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल, शिक्षण अस्पताल, अस्पताल तथा अनुसन्धान केन्द्र, पोली क्लिनिक, स्वास्थ्य क्लिनिक, प्रयोगशाला, डायग्नोष्टिक सेन्टर जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रवाह गर्ने संस्था समेतलाई जनाउँछ ।

## परिच्छेद – २

## स्वास्थ्य सेवा सञ्चालन अनुमति सम्वन्धी व्यवस्था

३. **स्वास्थ्य सेवा संचालन गर्नु अगाडि अनुमति लिनुपर्नेः** (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य संस्था सञ्चालन गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले पन्ध्र शैयासम्म स्थानीय तहबाट, सोह्र शैयादेखि चौबीस शैयासम्म स्वास्थ्य निर्देशनालयबाट र पच्चीस शैयादेखि दुईसय पचास शैयासम्म मन्त्रालयबाट सञ्चालन अनुमति लिनुपर्नेछ ।

(३) प्रदेश सरकारले स्थापना र सञ्चालन गर्ने स्वास्थ्य संस्थाको हकमा तोकिए बमोजिम मापदण्ड तयार गरी सो अनुसार स्थापना गरिनेछ।

(४) प्रदेश सरकारले आफ्नो मातहत संचालन हुने सरकारी अस्पतालहरुको व्यवस्थापनका लागि अस्पताल विकास समिति गठन गर्नेछ । समितिको गठन तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (२) र (३) बमोजिम स्वास्थ्य संस्थालाई सञ्चालन अनुमति दिंदा स्वास्थ्य संस्थाको सेवाको प्रकृति, जनसंख्या र दूरी लगायतको आधारमा मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(६) डेन्टल सेवा, आँखा सेवा, आयुर्वेद सेवा, प्रयोगशाला सेवा, एक्सरे सेवा, फिजियोथेरापी जस्ता सेवाहरु सञ्चालन गर्न चाहेमा निर्देशनालयबाट अनुमति लिनु पर्नेछ र सोको मापदण्ड तोकिएबमोजिम हुनेछ ।

(७) कुनै पनि स्वास्थ्य सम्बन्धी शिक्षण संस्था सञ्चालन गर्नको लागि अनुमति लिन चाहने संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएका काउन्सिलको सिफारिस सहित मन्त्रालयमा निवेदन दिनुपर्नेछ ।

(८) निजि, गैरसरकारी संस्था वा सहकारी संस्थाले शिक्षण संस्था स्थापना गर्नुपर्दा आफ्नै निजि अस्पताल वा नर्सिङहोम वा सामुदायिक अस्पताल वा गैरसरकारी वा सहकारी अस्पताल हुनुपर्नेछ ।

(९) यस ऐन बमोजिम अनुमति लिएका स्वास्थ्य संस्थाले तोकिए बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछन् ।

(१०) स्वास्थ्य संस्थाले प्रदेश सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा प्रदेश सरकारले तोकेको नियमावली वा प्रोटोकल वा मापदण्ड वा निर्देशिका अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

४. **शुल्क सम्बन्धी व्यवस्था**: स्वास्थ्य संस्था स्थापना, सेवा बिस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा तोकिए बमोजिमको अनुमति दस्तुर र नवीकरण दस्तुर अनुमति प्रदान गर्ने संस्थामा बुझाउनु पर्नेछ ।

५. **पूर्वाधार निर्माण मनसाय पत्र (लेटर अफ इन्टेन्ट) को लागि निवेदन दिनु पर्ने**: (१) यस ऐन बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनकालागि तोकिए बमोजिमको ढाँचामा मनसाय पत्रको (लेटर अफ इन्टेन्ट) लागि निवेदन दिनुपर्नेछ ।

तर, पच्चीस भन्दा बढी शैया सञ्चालन गर्ने अस्पतालले प्रचलित वातावरण सम्बन्धी कानून बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (आइ.ई.ई.) वा वातावरणीय प्रभाव मूल्यांकन (ई.आई.ए) प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त भएको मितिले एक महिनाभित्र परीक्षण गर्न र प्रतिवेदन दिनका लागि प्राविधिक समिति खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम खटिएको प्राविधिक समितिले अध्ययन गरी प्रतिवेदन ३० दिन भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र अनुमति प्रदान गर्ने निकायले बढीमा तीन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणको लागि निवेदनलाई मनसायपत्र प्रदान गर्न सक्नेछ ।

तर मनसायपत्र प्रदान गर्नु नपर्ने कारण भए कारण सहित लिखित जानकारी मन्त्रालय वा निर्देशनालयले सम्वन्धित पक्षलाई दिन सकिने छ।

(५) उपदफा (४) बमोजिमको अवधि भित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनि समयावधि थपको लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा मन्त्रालयले त्यस्तो स्वास्थ्य संस्थालाई बढीमा एकवर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणको लागि समयावधि थप गर्न सक्नेछ ।

(६) उपदफा (५) मा जुनसुकैकुरा लेखिएको भएतापनि जुन थपसेवा विस्तार गर्नलाई मनसाय पत्र पेश भएको हो त्यस्तो प्रस्तावित भवन निर्माण सम्पन्न नभएसम्म पुरानो भवनमा तत् तत् सेवा संचालन गर्न पाइने छैन।

६. **सञ्चालन अनुगमन सम्बन्धी व्यवस्था**: (१) अनुमति दिनुभन्दा पहिले त्यस्तो स्वास्थ्य संस्थाको पूर्वाधार र मापदण्ड तोकिए बमोजिमको भए, नभएको प्राविधिक समितिले अनुगमन गरी सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा तोकिएको गुणस्तर वा पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको नपाईएमा त्यस्तो स्वास्थ्य संस्थालाई तत्काल सुधारका लागि तीन महिनासम्मको अवधि दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने स्वास्थ्य संस्थालाई मन्त्रालयले अनुमति दिनेछैन ।

(४) त्यस्तो संस्थालाई कारवाही गर्नु पूर्व आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिइनेछ ।

७. **पूर्वाधार सम्बन्धी मापदण्ड**: स्वास्थ्य संस्थाहरुले सेवा सञ्चालन गर्दा तोकिए बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछ ।

८. **सञ्चालन अनुमति दिन सकिने**: (१) दफा ५, ६ र ७ बमोजिमको कार्य सम्पन्न भए पश्चात तोकिए बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सञ्चालन गर्न आवश्यक कागजात संलग्न गरी मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा मन्त्रालयले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दफा ६ को उपदफा (१) बमोजिम प्राविधिक समितिलाई अनुगमन गर्न लगाउनेछ ।

(३) उपदफा (२) बमोजिमको अनुगमन समितिले पैंतालीस दिनभित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए, नभएको राय सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको आधार र यस ऐन बमोजिमको मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थालाई बढिमा तीन वर्षसम्मको लागि स्वास्थ्य सेवा सञ्चालन गर्न तोकिएको ढाँचामा अनुमति दिनसक्नेछ ।

## परिच्छेद – ३

## स्तरोन्नति, सेवा विस्तार तथा नवीकरण

९. **थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्नेः** (१) स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएको सेवाका अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी मन्त्रालयमा अनुमतिका लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमतिका लागि रीतपूर्वकको निवेदन प्राप्त भएमा मन्त्रालयले तीस दिनभित्र अनुगमन गरि प्राप्त प्रतिवेदनका आधारमा अनुमति प्रदान गर्नुपर्नेछ ।

१०. **<u>सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले अनुमति प्राप्त गर्न निवेदन दिनुपर्ने</u>**: (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले यस ऐन बमोजिम तोकिएको पूर्वाधार तथा मापदण्ड पूरा गर्ने प्रयोजनका लागि अनुमति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो स्वास्थ्य संस्थालाई यस ऐन बमोजिम तोकेको पूर्वाधार पूरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक वर्षका लागि समयावधि दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पूर्वाधार वा मापदण्ड पूरा गर्न स्वीकृती प्रदान गरिएको स्वास्थ्य संस्थाले प्रत्येक छ महिनामा प्रगति प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

(४) यस दफा बमोजिम अनुमतिका लागि निवेदन नदिने वा निवेदन दिएको भएतापनि निर्धारित अवधि भित्र पूर्वाधार तथा मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्थाको अनुमति मन्त्रालयले रद्द गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको अनुमतिका लागि रीतपूर्वकको निवेदन प्राप्त भएका मितिले मन्त्रालयले प्राविधिक समितको प्रतिवेदनको आधारमा तीस दिनभित्र अनुमति प्रदान गर्न सक्नेछ ।

११. **<u>स्वास्थ्य संस्था बाहेक अन्यत्रबाट स्वास्थ्य सेवा प्रदान गर्न अनुमति लिनुपर्ने</u>**: (१) कुनै पनि स्वास्थ्य संस्थाले तोकिएको भन्दा बाहेकका ठाउँबाट स्वास्थ्य सेवा प्रदान गर्न चाहेमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति प्राप्त गर्नुपर्नेछ ।

(२) स्वास्थ्य सेवा प्रदायक संस्थाहरुबाहेक अन्य सेवा प्रदायक संस्थाहरुले स्वास्थ्य सेवा दिन चाहेमा समेत मन्त्रालयबाट स्वीकृती लिनुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्बन्धित निकाय र स्वास्थ्य सेवा प्रदायक सम्बन्धित परिषद्मा अनिवार्य दर्ता भएको हुनुपर्नेछ ।

(४) आयुर्वेद, होमियोप्याथीक, युनानी, प्राकृतिक चिकित्सा, अकुपञ्चर, फिजियोथेरापी, सोवारिग्पा (आम्ची) चिकित्सा पद्धतिमा आधारित भई सेवा प्रवाह गर्ने संस्थाले समेत तोकिए बमोजिम अभिलेखीकरण गर्ने, व्यवसाय संचालन सहमति र सूचिकृत गर्नुपर्नेछ ।

१२. <u>**नवीकरण गराउनुपर्नेः**</u> (१) यस ऐन बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुनु छ महिना अगावै मन्त्रालयमा नवीकरणका लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा मन्त्रालयले तोकिए बमोजिमको दस्तुर लिई बढीमा तीन वर्षसम्मको लागि स्वास्थ्य संस्थालाई सेवा संचालनका लागि अनुमतिपत्र नवीकरण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको अवधि भित्र मनासिव कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई नवीकरण गर्ने अवधि समाप्त भएपछिको छ महिना भित्र पेश गरेमा दोब्बर नवीकरण दस्तुर लिई मन्त्रालय ले सेवा सञ्चालन अनुमति नविकरण गरिदिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) वमोजिमको अवधिभित्र नवीकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सञ्चालन अनुमति पत्र स्वतः खारेज हुनेछ ।

१३. **<u>दर्ता प्रमाणपत्र राख्नुपर्ने</u>:** अनुमति प्राप्त स्वास्थ्य संस्थाले आफूले पाएको अनुमति पत्र सबैले देख्ने गरी स्वास्थ्य संस्थामा राख्नुपर्नेछ ।

१४. **<u>स्वामित्व हस्तान्तरण</u>:** (१) कुनै पनि व्यक्ति वा संस्थाको नाममा दर्ता भएको स्वास्थ्य संस्था निजको स्वामित्व हस्तान्तरण नगरी अन्य व्यक्ति वा संस्थाले सञ्चालन गर्न पाउने छैन ।

(२) कसैले उपदफा (१) बमोजिमको स्वामित्व हस्तान्तरण गर्न चाहेमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी सञ्चालन गर्न सक्नेछ ।

१५. **<u>एकै पटक दुई स्वास्थ्य संस्थामा एकै व्यक्ति आवद्ध हुन नहुने</u>:** कुनै चिकित्सक वा स्वास्थ्यकर्मीले एक भन्दा बढी स्वास्थ्य संस्थामा पूर्णकालीन काम गर्न पाउने छैन ।

१६. **<u>स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्ने</u>:** (१) स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एकभन्दा बढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमका शर्तहरु पूरा गरी अनुमतिका लागि त्यस्ता स्वास्थ्य संस्थाहरुले मन्त्रालयमा संयुक्त रुपमा निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा तोकिए बमोजिम मन्त्रालयले अनुमति दिन सक्नेछ ।

## परिच्छेद - ४
## दायित्व र जिम्मेवारी

१७. **स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सुरक्षाः** स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सुरक्षा स्वास्थ्य संस्थाको समन्वयमा प्रदेश सरकारले गर्नेछ।

१८. **अनुगमन गर्नुपर्नेः** मन्त्रालयले स्वास्थ्य संस्थाको तोकिए बमोजिमको गुणस्तर तथा मापदण्ड पूरा गरेको वा नगरेको सम्बन्धमा प्राविधिक समिति मार्फत नियमित अनुगमन गर्नु, गराउनु पर्नेछ ।

१९. **प्राविधिक समितिको गठन**: (१) स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन, स्तरोन्नति, स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न तोकिएको मापदण्ड अनुरुप सञ्चालन भएका स्वास्थ्य संस्थालाई अनुगमन गरी मन्त्रालयलाई सिफारीस गर्ने उद्धेश्यले प्राविधिक समिति गठन हुनेछ ।

(२) दफा (१) बमोजिम गठन हुने प्राविधिक समितिमा देहायका सदस्यहरु रहनेछन्:

(क) प्रमुख, मन्त्रालयको स्वास्थ्य सेवा महाशाखा, - संयोजक

(ख) चिकित्सा शाखा प्रमुख मन्त्रालय, - सदस्य

(ग) कानून अधिकृत, मन्त्रालय - सदस्य

(घ) परिषद् मध्येबाट मन्त्रालयले तोकेका कम्तीमा दुई जना - सदस्य

(ङ) आयुर्वेद चिकित्सक, मन्त्रालय - सदस्य

(च) नर्सिङ्ग अधिकृत, मन्त्रालय - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन हुने प्राविधिक समितिमा आवश्यकता अनुसार सम्बिन्धित विषयको विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

२०. **प्राविधिक समितिको काम कर्तव्य र अधिकार**: स्वास्थ्य प्राविधिक समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२१. **स्वास्थ्य संस्थाले सामाजिक दायित्व बहन गर्नुपर्ने**: यस ऐन बमोजिम स्थापना हुने सरकारी, निजी, गैरसरकारी, सहकारी, सामुदायिक अस्पतालहरु, शिक्षण अस्पताल तथा नर्सिङ होमहरुले विपन्न, असहाय, वेवारिसे, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा एकल महिला विरामीहरुलाई कूल स्वीकृत शैया संख्याको दश प्रतिशत शैयामा निःशुल्क उपचार सेवा प्रदान गर्नुपर्ने छ ।

२२. **आकस्मिक सेवाबाट वञ्चित गर्न नपाइने:** आपत्कालीन अवस्था जस्तै दुर्घटना, विपद्, महामारी आदिको समयमा स्वास्थ्य संस्थाले विना शर्त विरामी वा घाईतेलाई स्वास्थ्य सेवा प्रदान गर्नुपर्नेछ र कसैलाई पनि शुल्ककै कारण वञ्चित गर्न पाईने छैन ।

२३. **प्रतिवेदन पेश गर्नुपर्ने:** स्वास्थ्य संस्थाले आफ्नो प्रगति विवरण सहित हरेक महिना तोकिएको निकायमा तोकिएको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२४. **नागरिक वडापत्र राख्नुपर्ने:** स्वास्थ्य संस्थाले सेवा शुल्क सहितको नागरिक वडापत्र अनिवार्य रुपमा सबैले देख्न सक्नेगरी राख्नुपर्नेछ ।

२५. **<u>सरकारी कार्यक्रम संचालन गर्न मापदण्ड पुगेको हुनुपर्नेः</u>** यो ऐन प्रारम्भ हुँदा सञ्चालनमा रहेका तर तोकिएको मापदण्ड नपुगेका अस्पतालहरुले तोकिएको समयभित्र मापदण्ड पूरा गर्नुपर्नेछ । तोकिएको मापदण्ड पूरा नगर्दासम्म सरकारी कार्यक्रमहरु संचालन गर्न पाउने छैन ।

## परिच्छेद - ५

## <u>सजाय सम्बन्धी व्यवस्था</u>

२६. **<u>सजायः</u>** स्वीकृती नलिई संचालन भएका स्वास्थ्य संस्थाहरुलाई प्रदेश सरकारले कुनै पनि बखत बन्द गर्न सक्नेछ र यसरी संचालन गर्ने व्यक्ति वा निजी संस्था संचालक वा संचालक समिति वा सहकारी संस्थाका संचालकहरुलाई गैरकानूनी आर्जन गरेको रकम एकिन गरी सो बराबरको जरीवाना गरिनेछ । उक्त रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

## परिच्छेद - ६

## <u>पुनरावेदन</u>

२७. **<u>पुनरावेदन</u>**: कुनै पनि निजी स्वास्थ्य संस्था वा संचालकले यस ऐनको दफा २६ बमोजिम आफूलाई दिईएको सजाय विरुद्ध उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद - ७

## विविध

२८. **नियम बनाउने अधिकार**: यस ऐनको उद्देश्य पूर्तिका लागि मन्त्रालयले आवश्यक नियम बनाई प्रदेश सरकारको स्वीकृती पश्चात् लागू गर्न सक्नेछ।

२९. **बचाउ**: यो ऐन बन्नु पूर्व भए गरेका सम्पूर्ण काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

प्रमाणीकरण मितिः २०७६/०२/१४

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय